बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु



आ.व.०८३।८४ कार्यपालिका बैठक, मितिः २०८३।०७।२० गते, बैठक सङ्ख्या ६ को प्रस्ताव / कार्यसूची र निर्णयहरू

प्रस्ताव नं. ६.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. ६.२ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यस्थित बसोबासीहरुको सक्कल निवेदन सम्बन्धमा,

प्रस्ताव नं. ६.३ मृतक कर्मचारीको पारिवारिक उपदान सुविधा सम्बन्धमा,

प्रस्ताव नं. ६.४ मर्मत सम्भार भुक्तानी सम्बन्धमा,

प्रस्ताव नं. ६.५ पत्रकार महासंघको राहतकोष अनुदान सम्बन्धमा,

प्रस्ताव नं. ६.६ जिल्ला समितिलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा,

प्रस्ताव नं. ६.७ पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. ६.८ पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. ६.९ सार्वजनिक जग्गा संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा,

प्रस्ताव नं. ६. १० जग्गा प्राप्तिका लागि IEE सम्बन्धमा,

प्रस्ताव नं. ६.११ विविध।

CamScanner

प्रस्ताव नं. ६.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा,

निर्णय नं. ६.१ मिति २०८३ असोज २९ गते बसेको कार्यपालिका बैठकबाट कर्मचारी पदपूर्तिको लागि माग आकृति फाराम पठाउने सम्बन्धमा निर्णय भएको र लुम्बिनी प्रदेश, लोकसेवा आयोगमा पठाइसकिएको, आर्थिक वर्ष २०८१/०८२ को LGPAS का सूचकहरू र प्राप्ताङ्कको बारेमा छलफल भई प्राप्ताङ्क ९५ सहितको क्षेत्रगत स्वमूल्याङ्कन अंक दाबी सहित पठाइएको, भूमि समस्या समाधान समितिको परिपत्रको विषयमा जानकारी गराइएको र वडा कार्यालयलाई सोही परिपत्र अनुसार तत्काल प्रक्रिया अगाडि बढाउन अनुरोध गरिएको, किसान सूचीकरणको लागि वडाहरूबाट प्रमाणीकरण गरी प्रणालीबाटै पेश गर्न वडाहरूलाई जानकारी गराइएको, सार्वजनिक जग्गा संरक्षण कार्यक्रम सञ्चालन गर्न भागीरथी गौ संरक्षण विकास केन्द्र र बनकसिया सार्वजनिक जग्गा संरक्षणको प्रक्रिया अगाडि बढिसकेको, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यक्षेत्रगत शर्त स्वीकृत गरी प्रक्रिया अगाडि बढाइएको लगायतका कामको समीक्षा अभिलेख गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६.२ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको सक्कल निवेदन सम्बन्धमा,

निर्णय नं. ६.२ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको लागि जग्गा प्राप्ति प्रक्रिया अन्तर्गत नापी कार्य सुचारु गर्न तथा नापी सकिएका ब्लकहरूको थप प्रक्रियाको लागि तपसिल बमोजिमका वडाहरूमा अनुसूची-१ बमोजिमका कुल ११२८ निवेदकहरू प्रमाणीकरण गरी सक्कल फाइलहरू नगर स्तरीय सहजीकरण समितिबाट प्रमाणीकरण गरी सिफारिस भई आएको हुँदा सो निर्णय अनुमोदन गरी प्रमाणीकरण सहित भूमि समस्या समाधान समिति, कपिलवस्तुमा पठाउने निर्णय गरियो।

प्रस्ताव नं. ६.३ मृतक कर्मचारीको पारिवारिक उपदान सुविधा सम्बन्धमा,

निर्णय नं. ६.३ यस कार्यालय अन्तर्गत ३ नं. वडा कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत श्री राम किशोर थारू चौधरी (सङ्केत नं. ५-३८-४१८१-०३७०२) को मिति २०८३/०५/२५ गते मृत्यु भएको र निजको परिवारलाई पारिवारिक उपदान उपलब्ध गराउने सम्बन्धमा सेवारत रहँदा मृत्यु भएका निज कर्मचारीको उपचार खर्च, सञ्चित विदा, पारिवारिक उपदान र विशेष आर्थिक सुविधा वापत पाउने रकम रू. ३०,०८,७१८.५८ (अक्षरूपी: तीस लाख आठ हजार सात सय अठार रुपैयाँ अन्ठाउन्न पैसा मात्र) आयकर ऐन, २०५८ अनुसार एकमुष्ट अवकाश भुक्तानी रकम रू. ३०,०८,७१८.५८ को पचास प्रतिशत (५०%) रकम रू. १५,०४,३५९.२९ घटाई आउने रकम रू. १५,०४,३५९.२९ को ५% रू. ७५,२१७.९६ कर कट्टी गरी रू. २९,३३,५००.६१ (अक्षरूपी: उनन्तीस लाख तेत्तीस हजार पाँच सय रुपैयाँ एकसट्ठी पैसा मात्र) बाणगङ्गा नगरपालिका विविध कोष अन्तर्गत रहेको कर्मचारी कल्याण कोष कार्यक्रमबाट उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. ६.४ मर्मत सम्भार भुक्तानी सम्बन्धमा,

निर्णय नं. ६.४ यस कार्यालय अन्तर्गत विभिन्न शाखाको आल्मिनियम पार्टिसन गर्दा खर्च भएको रकम रु.३,४०,४९१।- र उत्तम नगर आधारभूत स्वास्थ्य केन्द्रको शौचालय ढोका र भवन ढोका निर्माणमा भएको खर्च रकम रु.८२,८४५।- गरी जम्मा रु.४,२३,३३६।- भुक्तानीका लागि आवश्यक लागत अनुमान, बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदन सहित पेश हुन आएको हुँदा माथि उल्लेख भए बमोजिमको रकम निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव नं. ६.५ पत्रकार महासंघको राहतकोष अनुदान सम्बन्धमा,

निर्णय नं. ६.५ यस नगरपालिकाको १९ औं नगरसभाबाट पत्रकार महासंघको राहत कोष व्यवस्थापनका लागि स्वीकृत रकम रु १ लाख नेपाल पत्रकार महासंघ, कपिलवस्तु शाखाबाट माग भई आए बमोजिम पत्रकार कल्याणकारी कोष (आपतकालीन) मा जम्मा हुने गरी अनुदान स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. ६.६ जिल्ला समन्वय समितिलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा,

निर्णय नं. ६.६ यस नगरपालिकाको १९ औं नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्राकृतिक स्रोत सदुपयोग अनुगमन तथा मूल्याङ्कन कार्यका लागि जिल्ला समन्वय समितिलाई अनुदान वापत स्वीकृत रकम रु ३ लाख विनियोजन भएकोले बाणगङ्गा नगरपालिका भित्रको प्राकृतिक स्रोत अनुगमनका लागि जिल्ला समन्वय समितिलाई एकमुष्ठ रकम रु.३,००,०००।- (तीन लाख) उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. ६.७ पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा,

निर्णय नं. ६.७ बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत सुनौला हजार दिनका विपन्न महिला तथा परिवारको पोषण अवस्थामा दिगो सुधार ल्याउने लक्ष्यसहित आयआर्जनमूलक अनुदान कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा मिति २०८३।०७।१६ गते बसेको नगरपालिकास्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको बैठकले बाणगङ्गा नगरपालिकाको वडा नं. ११ अन्तर्गतको मौवाबारी टोललाई उक्त कार्यक्रम कार्यान्वयनका लागि छनोट गरेको हुँदा सोही बैठकको निर्णयबमोजिम उक्त आयआर्जनमूलक अनुदान कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६.८ पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम सम्बन्धमा,

निर्णय नं. ६.८ बाणगङ्गा नगरपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत आ.व.२०८३।०८४ को लागि नेपाल सरकारबाट प्राप्त पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन शीर्षकमा प्राप्त रु.९,९९,०००।- (नौ लाख उनान्सय हजार रुपैयाँ मात्र) बजेटलाई निम्नानुसार कार्यान्वयन हुने गरी मिति २०८३।०७।१६ गते बसेको नगरपालिकास्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको बैठकबाट निर्णय भई स्वीकृतिको लागि सिफारिस भएकोले उक्त बजेट रकमबाट निम्नानुसारका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

पोषणमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम

क्र. स.	क्रियाकलाप	संख्या	रकम रु.	कैफियत
१	पोषणमैत्री वडा निर्माणको लागि सरोकारवालाहरुलाई अभिमुखीकरण	६	१,२०,०००।-	
२	पोषणमैत्री वडा दिगोपनाको लागि सरोकारवालाहरुलाई अभिमुखीकरण	५	१,००,०००।-	
३	स्वास्थ्य संस्थामा पोषण सम्बन्धी वाल पेन्टीङ्ग	२	१,५०,०००।-	
४	उन्नत जातको फलफूलको बिरुवा वितरण	-	२,००,०००।-	
५	पोषणमैत्री नमूना गाउँमा आवश्यक कार्यक्रम संचालन	८	४,२९,०००।-	
	जम्मा		९,९९,०००।-	

प्रस्ताव नं. ६.९ सार्वजनिक जग्गा संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा,

निर्णय नं. ६.९ वार्षिक नगर विकास योजना (आ.व. २०८३/८४) मा बजेट शीर्षक ५४२/३ मा रहेको सार्वजनिक जग्गा संरक्षण कार्यक्रममा विनियोजन भएको रु. २० लाख बजेट रकमबाट अधिल्लो कार्यपालिका बैठकमा भएको निर्णयानुसार रु. १२ लाख विनियोजन भइसकेको र बाँकी रु. ८ लाख रकमबाट निम्नानुसारका योजना कार्यान्वयन गर्ने निर्णय गरियो:

(क) वडा नं. १ शिवमन्दिर सामुदायिक वनको सिमानामा रहेको फोहर संकलन केन्द्रमा घेराबार तथा गेट निर्माण – रु. ५,००,०००।- (अक्षरुपी रु. पाँच लाख)

(ख) सार्वजनिक तथा निजी जग्गामा वृक्षारोपणका लागि नर्सरीमा बिरुवा उत्पादन रु. ३,००,०००।- (अक्षरुपी रु. तीन लाख)

प्रस्ताव नं. ६.१० जग्गा प्राप्तिका लागि IEE सम्बन्धमा,

निर्णय नं. ६.१० वार्षिक नगर विकास योजना (आ.व. २०८३/८४) मा बजेट शीर्षक ६४९/१४ मा रहेका जग्गा प्राप्तिका लागि IEE कार्यक्रम तपसिल बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो:

(क) प्रशासनिक भवन तथा परिसरको IEE- रु. ५,००,०००।-

(ख) बुद्ध रङ्गशाला निर्माणको IEE- रु. ५,००,०००।-

(ग) मायादेवी रङ्गशाला निर्माणको IEE- रु. ५,००,०००।-

(घ) नदीजन्य पदार्थ संकलनका लागि बाणगङ्गा खोला, धिरी खोला र कोईली खोलाको IEE- रु. ५,००,०००।-

(ङ) १५ शैयाको पिपरा अस्पताल भवन निर्माणको IEE- रु. ५,००,०००।-

प्रस्ताव नं. ६.११ प्रज्ञा प्रतिष्ठानको लागि विनियोजित बजेटबाट गरिने कार्यक्रमहरू स्वीकृत सम्बन्धमा,

निर्णय नं. ६.११ बाणगङ्गा प्रज्ञा प्रतिष्ठानको लागि १९औं नगरसभाबाट विनियोजित रकमबाट निम्नानुसारका कार्यक्रम सञ्चालन गर्ने गरी स्वीकृत गरियो।

क्र सं	कार्यक्रम	रकम
१	कार्य समिति र कार्य सम्पादन समितिको बैठक भत्ता	२००००० (दुई लाख)
२	वार्षिक मुखपत्र प्रज्ञादीप वर्ष ३ अङ्क ३ प्रकाशन	१५०००० (एक लाख पचास हजार)
३	राष्ट्रिय स्तरका कविहरू लेखनाथ पौडेल, लक्ष्मी प्रसाद देवकोटा र भानुभक्त आचार्यका जन्मजयन्ती समारोह एवम् साहित्यिक प्रतियोगिता र पुरस्कार	१००००० (एक लाख)
४	नगरपालिका भित्रका सबै माध्यमिक विद्यालयका माध्यमिक तहका विद्यार्थीलाई सदाचार र नैतिक शिक्षा विषयमा अनुशिक्षण कार्यक्रम	२००००० (दुई लाख)
५	खुला लोक भजन प्रतियोगिता	२००००० (दुई लाख)
६	वाद्यवादन खरीद तथा संगीत प्रशिक्षण	२००००० (दुई लाख)
७	छन्द प्रशिक्षण कार्यक्रम	१००००० (एक लाख)
८	नेपाली शब्दकोश, साहित्यिक पुस्तक तथा दराज खरिद	१००००० (एक लाख)
९	छिमेकी जिल्लाका स्थानीय तहका प्रज्ञा प्रतिष्ठानको आमन्त्रणमा असल अभ्यास कार्यक्रम आदानप्रदान तथा साहित्यिक कार्यक्रममा सहभागी हुन र यस नगरपालिकामा सोही प्रकृतिका गोष्ठी सञ्चालन	१००००० (एक लाख)
१०	थारु संस्कृति संरक्षण फगुवा गीत प्रतियोगिता	१००००० (एक लाख)
११	स्थानीय खस्टा सम्मान कार्यक्रम	१००००० (एक लाख)

क्र सं	कार्यक्रम	रकम
१२	अनुसन्धानमूलक कार्यक्रम बाणगंगा नगरपालिका वडा नं ६ अमौली शैलहवा भगवान बुद्धको प्रथम ध्यान स्थल सम्बन्धी खोज गोष्ठी	१५०००० (एक लाख पचास हजार)
१३	स्थानीय सांस्कृतिक महत्वका स्थलहरूको प्रचारप्रसारका लागि ब्रोसर निर्माण तथा प्रकाशन	५०००० (पचास हजार)
१४	स्थानीय स्तरमा लोकगीत तथा लोक नृत्य प्रतियोगिता सञ्चालन	१५०००० (एक लाख पचास हजार)
	जम्मा	१९००००० (उन्नाइस लाख)

प्रस्ताव नं. ६.१२ रोजगार, सीप तथा उद्यमशीलता तर्फ योजना माग सम्बन्धमा

निर्णय नं. ६.१२ आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना तथा न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने उद्देश्यले योजना सञ्चालन हुने गरी वडाहरूबाट माग गर्ने र प्राप्त योजनाहरूका लागि संघीय बजेटतर्फ रु.४,४७,००० (अक्षरुपी चार लाख सत्चालीस हजार रुपैयाँ मात्र) श्रमिकको ज्यालामा खर्च गर्ने तथा आन्तरिक स्रोततर्फ विनियोजित रु. ५,००,००० (अक्षरुपी पाँच लाख रुपैयाँ मात्र) सामग्री खरिद तथा आवश्यकताअनुसार श्रमिकको ज्यालामा समेत खर्च गर्ने गरी लागत साझेदारीमा सम्बन्धित वडा र रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको समन्वयमा प्रचलित कानुन तथा कार्यविधि बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६.१३ मतदान केन्द्र (स्थल) परिवर्तन सम्बन्धमा,

निर्णय नं. ६.१३ साविकमा वडा नं. १ को कार्यालय परिसरमा रहेको मतदान केन्द्र हाल वडा नं. १ को कार्यालय नव निर्मित भवनमा सरिसकेको र पुरानो स्थान मतदान केन्द्र सञ्चालनको हिसाबले अत्यन्त जोखिमपूर्ण र सडक निर्माण भएपछि परिसर समेत नरहेकोले उक्त मतदान केन्द्रलाई हाल नव निर्मित भवन १ नं. वडा कार्यालय, जीतपुरमा सार्ने निर्णय गरियो।

प्रस्ताव नं. ६.१४ श्रृङ्गिघाट नहर सफाईको क्रममा निस्कियको नदिजन्य पदार्थको सम्बन्धमा,

निर्णय नं. ६.१४ विगतका वर्षहरूमा जस्तै यस आर्थिक वर्ष ०८३/०८४ मा पनि बाणगंगा नदीअन्तर्गत रहेको श्रृङ्गीघाट सिँचाई नहरको पूर्वी किनारको मुख्य नहर र सहायक कुला (वडा नं. १ र २) तथा पश्चिमी नहरको मुख्य नहर र सहायक कुला (वडा नं. ८) सफाईका लागि श्रृङ्गीघाट सिँचाई उपभोक्ता समितिबाट पत्राचार भएको, सोही बमोजिम नहर सफाई गर्ने र नहर सफाई गरी निस्कने नदीजन्य पदार्थको लिलामको अनुमतिका लागि जिल्ला अनुगमन समितिको कार्यालय (जि.स.स.)मा पत्राचार गरिएको छ। उक्त कार्यालयको अनुमति पश्चात नहर सफाई गर्न बाणगङ्गा नगरपालिकामा रहेका ठूला सवारी साधन प्रयोग गर्ने र नदीजन्य पदार्थहरूको संकलन पश्चात सिलबन्दी दरभाउपत्र माग गरी नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६.१५ संघीय सशर्त अनुदान तर्फको विद्यालय पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा,

निर्णय नं. ६.१५ शिक्षा तर्फको सि.नं.४८,४९,५० मा रहेको स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास शिर्षकमा रहेको बजेटबाट सिद्धार्थ मा.वि. बुङ्चीमा पुर्वाधार निर्माण गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६.१६ विविध ।

निर्णय नं. ६.१६.१ प्रहरी चौकी गजेहडाको च.नं.११, मिति:२०८३।०५।२४ गतेको पत्रानुसार प्रशासनिक कामकाजको लागि एक थान कम्प्युटर र प्रिन्टर माग भई आएकोले उक्त उपकरण उपलब्ध गराई सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.१६.२ बाणगङ्गा नगरपालिकाको हाल सम्मको आन्तरिक राजस्व बापतको आम्दानी र कूल खर्च निम्नानुसार रहेकोले सोही बमोजिम सार्वजनिक गरी अभिलेख कायम गर्ने निर्णय गरियो ।

आन्तरिक आम्दानी रकम रु.२,८५,५२,१००।

खर्च तर्फ चालु: रु.१५,९१,७५,०००। पूजीगत तर्फ रु.१,५६,२५,८५५।

गरी कूल खर्च रकम रु.१७,४८,००,८५८।

निर्णय नं. ६.११.३ नगरपालिकाबाट सेवा प्रवाह हुने सेवाहरु एकिकृत घुम्ति शिविरको रुपमा वडा नं. १० को मेचकुरी भन्ने स्थानमा मिति २०८३।०८।०९ गते सोमबारको दिन सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.११.४ योजना कार्यान्वयन हुँदा हेवी उपकरणहरु प्रयोग गर्नु नपर्ने रु.१० लाख भन्दा कम बजेटका योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.११.५ मंसिर मसान्तभित्र अनिवार्य रुपमा सम्झौता सम्पन्न गर्नुपर्ने र सम्झौता हुन नसकेका योजनाहरु पुषमा हुने २०औं नगरसभाबाट शिर्षकान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.११.६ बाणगङ्गा नगरपालिका अन्तर्गत विकास निर्माणका कामहरु नदीजन्य पदार्थको अभावका कारण प्रभावित नहुने गरी यथासक्य छिटो ठेक्का प्रकृयामा जाने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.११.७ कुनै पनि नगरस्तरीय महोत्सव ६० दिन भन्दा कम अवधि फरक पारी महोत्सव सञ्चालनको लागि अनुमति माग भई आएमा त्यसरी आउने संस्थाहरुलाई महोत्सव सञ्चालनको लागि अनुमति प्रदान नगर्ने र हाल कपिलवस्तु महोत्सव एवम् कृषि पर्यटन तथा औधोगिक प्रदर्शनी, २०८३ मिति २०८३ मङ्सिर १७ देखि २०८३ मङ्सिर २७ गतेसम्म सञ्चालन गर्न अनुमतिको लागि सिफारिस माग भई आएकोले अनुमतिको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.११.८ वडाका विभिन्न कार्यक्रमहरु मौजुदा कर्मचारीको जनशक्तिले भ्याएसम्म कर्मचारी प्रयोग गर्ने र नभ्याउने अवस्था रहेमा अन्य संघसंस्थाहरुसंग सहकार्य तथा समन्वय गरेर कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.११.९ यस नगरपालिकाको १९ औं नगरसभाबाट स्वीकृत आकस्मिक पूर्वाधार निर्माणमा विनियोजन भएको रु.२ करोड रकम मध्येबाट तपसिलमा उल्लेख भए बमोजिमका योजना संचालन गर्ने निर्णय गरियो ।

सि.नं.	योजनाको नाम	रकम रु हजारमा
१	पिपरा अस्पताल लकिङ ब्लक जडान	५००
२	बनगाई थारु गाउँदेखि मोतिपुर डाँडा हुदै मोतिपुर जोडने सडक	१५००
३	भड्डीहवा गाउँभित्रको डिप बोरिंग, तारपोल तथा मोटर जडान	३५०
४	सिद्धिपुर महेन्द्र खांडको घर पछाडि र गजेन्द्र के.सी. को घर पछाडिबाट माधव तिमिलसिनाको घरसम्म सडक ढलान तथा नाली निर्माण	५००

निर्णय नं. ६.११.१० यही मिति २०८३ असोजको १६,१७,१८ र कार्तिक १२ गते गरिएको बजार अनुगमन प्रतिवेदन बैठकमा पेश भयो । सो सम्बन्धमा बैठकमा समीक्षासहित स्वीकृत गर्ने र जफत भएका सामानहरु नष्ट गर्ने निर्णय गरियो ।